सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवासुविधा सम्बन्धमा कुनै किसिमको दु:ख-कष्ट वा अनावश्यक ढिलासुस्ती, झन्झट वा अप्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवाप्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज २८ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 October 15 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ५७

# चाडपर्व शुरू भएसँगै ग्रामीण क्षेत्रमा लिपपोत शुरू

ओमप्रकाश चौधरी, सेढवा २७ असोज/

दशैं-तिहार र छठ पर्वलाई लक्षित गरेर पर्साका ग्रामीण क्षेत्रमा घर लिपपोत शुरू भएको छ। वर्षायाममा कारण घरका भित्ता छाना तथा झारपात उम्रेर भएका फोहोर सरसफाइमा गाउँलेहरू जुटेका छन्। लक्ष्मी पूजाका लागि घर आँगन सुन्दर बनाउन मानिसहरू लागेका छन। खरको भित्ता नयाँ निर्माण गरी पहेंलो माटोले लिपपोत गर्न एकाबिहानै गाउँका महिलाहरू लागेका छन्। माटो, गाईवस्तुको गोबर, गहुँ-धानको परालको भूस पानीमा मुछेर घरको भित्ता र सतह लिपपोत गरिरहेको जीराभवानी गाउँपालिका-२ सेढवाकी कान्तीदेवी बताउँछिन्। यस वर्ष ढिलोसम्म पानी परिरहेकोले घर आँगन सफा गर्न ढिलो भएकोले हतारो परेको उनी बताउँछिन्।



यसैगरी वर्षेबाली भण्डारण गर्न किसानहरू लागिपरेका छन्। प्रायः यस क्षेत्रमा धान भण्डारणका लागि बाँसबाट बनाइएको भकारी प्रयोगमा ल्याइन्छ। वर्षाले भत्केका भकारी फुसको छाना मरम्मत गरी लिपपोत भइरहेको छ।

यसका साथै यसै समयमा कात्तिकी काममा किसानहरू व्यस्त छन्। ढिलोसम्म परेको पानीका कारण तरकारी रोप्न पनि किसानहरू पछि परेका छन्। तोरी, रायो, आलु, लहसुन, चम्सुर, धनिया, भन्टा, काउली, बन्दालगायत तरकारी रोप्ने तयारी भइरहेकाले किसानहरू व्यस्त रहेका जगरनाथपुर गाउँपालिका-३ निवासी रामचन्द्र यादवले बताए। अहिले राम्ररी उत्पादन गर्न सके आलु, लसुन वर्षभरि चल्ने भएकोले कात्तिक महीनामा यसको खेतीमा लाग्ने गरेको उनले बताए।

जीराभवानी र ठोरी गाउँपालिकामा तेलहन बाली तोरीमा समस्या देखिएको छ। खेतमा पानी जमेकोले तोरीको रोपाइँ हुन सकेको छैन। तोरी ढिलो गरेर छरे जाडोले उत्पादनमा कमी हुने किसानहरू बताउँछन्। यस क्षेत्रमा छदेखि आठ सय बिघा जग्गामा तोरी खेती हुँदै आएको छ।



# गाउँमा जुवा-ताश बढ्दै

प्रस, सेढवा, २७ असोज/

वडादशैं तथा तिहार र छठ पर्व नजीकिंदै जाँदा पर्साको ग्रामीण भेगमा ताश जुवा खेल्नेहरूको सङ्ख्या बढेको छ।

ठोरी, जीराभवानी, पटेर्वासुगौली, सखुवापरसौनी गाउँपालिका तथा पर्सागढी नगरपालिकाका विभिन्न स्थानमा ताश जुवा खेल्ने क्रम बढेको छ। विशेषगरी युवा यस कुलतमा लागेका तर अन्य उमेरका मानिस पनि संलग्न रहने गरेका छन्।

जुवाडेहरूले गोप्य तथा सुरक्षित स्थानमा जुवा खेलाउने गरेको बताइएको छ। जुवा खेल्ने स्थलमा जुवाडेहरूले रातभरि होहल्ला गर्ने गरेको आसपासका स्थानीयहरूले गुनासो गरेका छन्। जुवामा ठूलो रकमको हारजीत हुने हुँदा कतिपय परिवारमा कलहसमेत बढेको स्थानीयले बताए। जुवामा हारेको मोटो रकम ऋणाका कारण कतिपय जुवाडेहरूले आत्महत्या पनि गरेको बुझ्िन आएको छ।

जुवा खेलाउने गिरोहलाई प्रहरी प्रशासनले संरक्षण गरेको स्थानीयको आरोप छ।


तस्वीरः प्रतीक

# निजगढमा विपद्सँग सम्बन्धित कृत्रिम घटना उद्धार अभ्यास

## समग्र जोखिमको हिसाबले नेपाल विश्वको २० औं स्थानमा

प्रस, निजगढ, २७ असोज/

निजगढ नगरपालिका-४ बागदेव स्थित कुनसा पोखरीमा एकजना अन्दाजी ३० वर्षीय युवापानीमा शनिवार बिहान सवा नौ बजे डुबेपछि बचाऊबचाऊ भन्दै गुहार गरिरहेका थिए।

त्यस बेला बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटा, जिल्ला समन्वय समिति बारा अध्यक्ष नरेन्द्र कुमार साह, जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख सुरेशप्रसाद काफ्ले, सशस्त्र प्रहरी बल नेपाल बाराका प्रमुख टोपबहादुर डागी, नेपाली सेना ज्वाला दल गणका निमित्त गणपति सेनानी दीपेन्द्र अर्याल, राष्ट्रिय अनुसन्धान कार्यालय, बारा प्रमुख अभिनय सिंह, निजगढ नपाका प्रमुख सुरथ पुरी, उपप्रमुख सोममाया थिङलगायत सुरक्षाकर्मीहरू उपस्थित थिए।

यसरी पोखरीमा डुबेका ती व्यक्तिले बचाउन आग्रह गरिरहेको देख्दा त्यहाँ पुगेका अन्य स्थानीय अचम्मित भए। त्यसको केही क्षणमैं पोखरीको माझमा पुगेको चारजना सवार डुङ्गा एक्कासि पल्टिएको दृश्यले झनै सर्वसाधारण अचम्मित बने। केही समयमैं घटनास्थलमा पुगेका सशस्त्र प्रहरी, नेपाली सेना, नेपाल प्रहरीका तालीमप्राप्त सुरक्षाकर्मीको टोलीले उनीहरूको सकुशल उद्धार गऱ्यो।

त्यस अघि पोखरी नजीकैको चउरमा निर्मित घरहरूमा एक्कासि आगलागी भएको दृश्य देखाइएको थियो। त्यहाँ पनि नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनाको उद्धारटोलीले आगो निभाउने प्रयास गर्दागर्दै निजगढ नगरपालिकाको वारुण यन्त्रको सहायताले आगो नियन्त्रणमा पारियो।

आगलागी हुँदा घाइते हुनेको उद्धार गरी एम्बुलेन्समा राखी अस्पताल पुऱ्याइयो। त्यसभन्दा पनि दर्दनाक दृश्य शरीरमा पेट्रोल छर्केर आत्मदाह गर्ने प्रयास गरेका एक व्यक्तिलाई घटनास्थल पुगेको सशस्त्र प्रहरीले आगो नियन्त्रणमा लिएर घाइतेलाई एक्बुलेन्समा राखी अस्पताल पुऱ्यायो। यो जिल्ला विपद् व्यवस्थापन समिति बाराद्वारा प्रस्तुत गरिएको विपद्सँग सम्बन्धित कृत्रिम घटना उद्धार अभ्यास कार्यक्रमको झलक थिए।


तस्वीरः जीतलाल श्रेष्ठ

यस्ता विपद्का घटनामा कसरी मानवीय, भौतिक संरचना, सरसामानको उद्धार, सुरक्षा गर्न सकिन्छ भनी जानकारी दिन सो कार्य गरिएको थियो।

त्यसैगरी सिलिन्डर ग्याँसमा लागेको आगो सहजै निभाउन सक्ने कलासमेत तालीमप्राप्त सुरक्षाकर्मीहरूको टोलीले प्रस्तुत गरेका थिए। बाराका १६ स्थानीय तहका जनप्रतिनिधिहरूको सहभागितामा आयोजना गरिएको उक्त कृत्रिम घटना उद्धार अभ्यास कार्यक्रमका स्थानीय तहका अधिकांश प्रमुख देखिएनन्।

ठूला विपद्का घटनामा सङ्घीय सरकारसँग विपद् व्यवस्थापनका लागि नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी लगायत तालीमप्राप्त संयन्त्र र प्रदेश सरकारमा सो जनशक्ति रहने व्यवस्था रहेको हुँदा स्थानीय तहहरूले पनि स्थानीय आवश्यक व्यवस्था गर्नुपर्ने कार्यक्रमका प्रमुख अतिथि जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एंव प्रजिअ सापकोटाले बताए।

विपद् जानकारी दिएर आउँदैन। कहिले सानो, कहिले ठूलो विपद् आउन सक्छ। त्यसको उद्धार कार्य तदारुकताका साथ गरिनु नै हरेक तहका सरकार, निकायहरूको जिम्मेवारी भएको प्रजिअ सापकोटाले भने।

विपद् आउने कुराको पूर्वानुमान गरी सोही अनुसार आवश्यक उद्धार सामग्री सहित जनशक्ति व्यवस्थापनका लागि स्थानीय तह सधैं चनाखो रही मानवीय उद्धार, धनजनको क्षति कम गर्न तत्पर रहनुपर्ने उनले बताए। स्थानीय तहहरूले प्रायः विपद् व्यवस्थापनका लागि बजेट कन्जुस्याइँ गरी विनियोजन गर्ने गरेको पाइएकोले यसतर्फ बेलैमा ध्यान दिन प्रजिअ सापकोटाले आग्रह गरे। नगर प्रमुख पुरीले, सशस्त्र प्रहरी बेस नेपाल विपद् व्यवस्थापन बेस निजगढका प्रमुख डिएसपी दिनेश शर्मासहितको टोलीले एक साता अघि भमरा खोलामा आएको बाढीमा फसेका २३ जना र बस्ती डुबानमा पर्दा घरबाट निस्कन नसकेका चारजना र अन्य २७ जनाको सकुशल उद्धार गरेको बताए।

सो अवसरमा नेपाल जलवायु परिवर्तनको जोखिमको हिसाबले विश्वको चौथो, भूकम्पीय जोखिमको हिसाबले ११ औं, जलजन्य जोखिमको हिसाबले ३० औं र समग्र जोखिमको हिसाबले २० औं स्थानमा रहेको जानकारी गराइएको थियो।

# मिडियाको भूमिका अहम्-रूंगटा

राधेश्याम पटेल, परवानीपुर, २७ असोज/

संविधानसभा सदस्य एवं नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य अनिल रूंगटाले अहिलेको अवस्थामा मिडियाको भूमिका अहम् हुनुपर्ने धारणा व्यक्त गरेका छन्। एन्यूज टिभी वीरगंजको दोस्रो वार्षिकोत्सवको अवसरमा बोल्दै उनले यस्तो धारणा व्यक्त गरेका हुन्।



आदर्शनगर, पुरानो बसपार्कमा आयोजित वार्षिक उत्सव एवं सांस्कृतिक कार्यक्रमलाई सम्बोधन गर्दै उनले विश्वको अर्थतन्त्र मन्दीबाट गुज्रिरहेको अवस्थामा समाज र देशका विभिन्न समस्या उजागर गरी सही सूचना सही समयमा सर्वसाधारण समक्ष पुऱ्याई जनतालाई सुसूचित गर्ने एन्यूजको टिमलाई उनले शुभकामना तथा बधाई दिए।

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवं उद्योगपति रूंगटाले एन्यूजले वीरगंजको टिभी पत्रकारितामा राम्रो गर्दै गएको चर्चा गर्दै युवा जोशले भरिएको टिमलाई सही दिशामा अघि बढाउन उनले आग्रह गरे।

एन्यूज टिभीका प्रबन्ध निर्देशक पत्रकार अशोक तिवारीको सभापतित्व र पत्रकार राजेन्द्रसिंह नेपालीको सहजीकरणमा सम्पन्न समारोहमा नेपाली काङ्ग्रेसका पर्सा सभापति एवं प्रदेश सांसद जनार्दनसिंह क्षत्री, वीरगंज महानगरका उपमेयर इम्तियाज आलम, टिभीका सञ्चालक जगतनारायण साह रौनियार, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, पर्साका प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापा, सशस्त्र प्रहरी नायब उपरीक्षक देवेन्द्रबहादुर सिंहलगायतको सहभागिता थियो। कार्यक्रममा गायक सुनील पंडित, अञ्जना तिवारीले साङ्गीतिक प्रस्तुति दिएका थिए।

कार्यक्रममा वीरगंजका विभिन्न डान्स एकेडेमी र विद्यालयका विद्यार्थीहरूले नृत्य प्रस्तत गरेका थिए।

# ३२ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २७ असोज/

विर्तामाई संरक्षण समितिले शनिवार आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ३२ जनाले रक्तदान गरेको छ।

रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले सुनील साह, राकेशचन्द्र दास, रूपेश साह, सञ्जय हजरा, रोजन चौधरी, रोधा चौधरी, प्रद्युम्मन सिंह, दिपक तिवारी, बब्लु कानु, श्यामलाल कुम्हाललगायतले रक्तदान गरेको बताए।


तस्वीरः प्रतीक

### विचारसार र सूक्तिहरू

**असल सोच र राम्रो भावना...जीवनको यही हो सच्चा सम्पत्ति ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# दशैं आयो : के खाउँला, कहाँ पाउँला ?

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**तहगत सरकारका कदमैपिच्छे नीतिगत भ्रष्टाचार छताछुल्ल छ । प्रहरी, प्रशासक, निजी क्षेत्र, कर्मचारी, भ्रष्टाचार नियन्त्रण र अनुसन्धानका निकाय मतियारजस्ता देखिन्छन् । तस्करी मौलाएको छ । वैध व्यापार गर्नेहरू अवैध व्यापार र सरकारी निकायको दोहोरो चेपुवामा छन् । न्यायालय, व्यवस्थापिका र कार्यपालिका सामु निरीहजस्तो देखिन्छ ।**

दशैं आयो, खाउँला पिउँला, कहाँ पाउँला...। हामीले सुन्दै र भन्दै आएको यो आहान। दशैं नजीकिँदै गर्दा स्मरणमा ताजा भएर आउँछ। दशैं प्रियजन भेटेर आपसमा रमाइलो गर्ने र मीठो–मसिनो खाने अवसर हो ।

मीठो खान अहिले पनि दशैं पर्खिनुपर्ने अवस्थाको अन्त्य भएको छैन। सरकारी आँकडालाई नै पत्याउने हो भने पनि आजपर्यन्त सयमा १७ जना नेपालीले मीठो खान र एकसरो राम्रो लुगा लगाउन पर्व पर्खिनुपर्ने अवस्था छ। त्यो पनि आफ्नो बुतामा होइन, साहुमहाजन गुहारेर ।

बढ्दो महँगी र घट्दो आम्दानीले मध्यमवर्गीयलाई त दैनिकी चलाउन धौधौ भइसक्यो भने गरीबीको रेखामुनि पिल्सिएको दिनचर्या कति कष्टकर होला ? अनुमान त्यति असहज छैन । त्यसैले त एउटा अर्को भनाइ स्मरण हुन्छ– **आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाई** । दशैं यतिखेर प्रतिनिधि पर्वमात्रै हो, प्रत्येक समुदायले मनाउने मुख्य पर्व खुशीयालीसँगै ऋण बढाउने उपक्रम पनि बनेका छन्, किन ? गरीबी नै मूल समस्या हो ।

सरकारले गरीबी निवारणका कुरा मात्र गरेको छ। कुरा र योजना अनुसार काम हुन सकेको छैन। तुलनात्मकरूपमा यसमा सुधार भएको पनि छ । तर, हामीले लक्ष्य राखेको समृद्धिका लागि यो गति पर्याप्त छैन । हामी अबको ३ वर्षमा अतिकम विकसितबाट विकासशील देशको सूचीमा स्तरोन्नति हुन गइरहेका छौं ।

तर त्यसले अवसर मात्रै दिंदैन, सँगसँगै जोखिम पनि लिएर आउँछ । त्यस्ता चुनौतीको कसरी सामना गर्ने र विकासका लयमा समाहित हुने भन्नेमा कुनै प्रकारको योजना देख्न पाइएको छैन। त्यसको केही वर्षपछि नै हामी सन् २०३० मा दिगो विकासको लक्ष्यमा पुग्नुपर्नेछ। त्यतिखेर अहिलेको १७ प्रतिशतको हाराहारीमा रहेको गरीबी ३ प्रतिशतमा झार्न हाम्रा लागि असम्भव नै देखिएको छ । असम्भव किन ? राजनीतिक कारणले उत्पन्न एकपछि अर्को अस्थिरताले निम्त्याएको सङ्कट एकातिर छ भने यसैबीच कोरोना महामारी र विश्व राजनीतिमा बढ्दो तनाव हाम्रा लागि मूल चुनौती हो । यो चुनौतीको सही ढङ्गले समना गर्ने इच्छाशक्ति हामीमा छैन । उत्तर र दक्षिणमा विश्व अर्थतन्त्रको नेतृत्वमा पुग्न आक्रामक रूपमा अघि बढेका अर्थतन्त्रबीच रहेर हामी किन अलमलमा छौं ? यस प्रश्नको सापेक्ष जवाफ खोज्ने झन्झट नेतृत्वले बेसाउन चाहेको छैन ।

चीन र भारत अबको केही वर्षमा विश्वको पहिलो र दोस्रो अर्थतन्त्र बन्ने अवस्थामा कसरी पुगे ? यो रातारात छुमन्तर गरेकै भरमा भएको त होइन होला ? आन्तरिक सत्ता बनाउन र बिगार्न अनेक आवरणका बाह्य हस्तक्षेत्र मागी हिड्ने राजनीतिले ती देशले आर्थिक विकासका चालेका अनुसरणीय कदमहरूको भने किन सिको गर्न चाहेको छैन ? यो नै हामीले सामना गर्दै आएको अविकास र पछौटेपनको कारण हो । आय नभएपछि जीवनचर्याका आयामहरू असहज हुन्छन्। अभिशाप नै भन्नुपर्दछ, हामी आजसम्म कुनै न कुनै अर्थ–राजनीतिक उलझनमा अल्झिएकै छौं । कारण आन्तरिक होस् कि बाह्य त्यसको मार हाम्रो जीवनले झेल्नु परिराखेको छ। राजनीतिक अस्थिरता हामीले भोगेको अविकासको कारण हो। करीब एकै समय सेरोफेरोमा हामीसँगै र उस्तै अर्थ–सामाजिक परिवेश लिएर आर्थिक उदारीकरण अँगालेर अघि बढेका छिमेकी भारत र चीन आज विकासको कुन उचाइमा छन् भन्ने त माथि उल्लेख भइसक्यो, हामी कहाँ छौं ? यो नेतृत्वको अनिच्छा र व्यक्तिकेन्द्रित सोचको परिणाम हो ।

एउटा भाष्य निर्माण गरिएको छ– हामी भूपरिवेष्ठित छौं। हामीकहाँ अवसरै छैन । स्रोत र साधन केही पनि छैन । अझ केहीले त देशी–विदेशी शक्तिले गर्न दिएनन् पनि भनेका छन्। यो काम नगर्ने बहानाबाजीमात्रै हो। हाम्रोजस्तै भूबनोटमा उभिएको स्वीटजरल्यान्डलाई हामी विकासको नमूना भन्छौं । समुद्रको तटबाहेक केही स्रोत नभएको सिंगापुर आज विकासको कुन उचाइमा पुग्यो । मलेशियाका महाथीरको विकास मोडेलको चर्चा गर्दै हामी हाम्रो जनशक्ति उतै पठाइराखेका छौं । बालुवाको बगरमा उभिएका देशले आज पर्यटन र प्रविधिमा नमूना काम गरेका छन् । एउटा मात्र सम्भावनालाई यसरी उपयोग गरेका छन् कि आज विकासका उदहरणमा तिनै देशको नाम अग्रस्थानमा आउँछ। हामी ती विकासको बखानमात्र गरिराखेका छौं। त्यो कसरी सम्भव भयो, त्यसको सिको गर्न आवश्यक ठान्दैनौं । हाम्रो राजनीति यति अस्थिर छ कि प्रत्येक दशकजसोमा व्यवस्था नै परिवर्तन हुन्छ। दैनिक जीवनमा दशक लामो समय हुन सक्दछ, राजनीतिमा यो समय एकदमै कम हो । राजनीतिमा सत्ता परिवर्तन स्वाभाविक हो। आवधिक निर्वाचनमार्फत प्रत्येक ५ वर्षमा सत्ता परिवर्तन स्वाभाविक हो । तर, हामीकहाँको राजनीति यति अपरिपक्व, अस्थिर र व्यक्तिमुखी छ कि स्पष्ट बहुमत त के दुईतिहाई बहुमतले पनि पूरा समय सत्ता चलाउन सकेको उदाहरण छैन । दशकैपिच्छे व्यवस्था परिवर्तन भनेको त्यस्तो व्यवस्थाले जनताको अपेक्षा सम्बोधन गर्न सकेन भन्ने नै हो। स्मरण गरौं, २००७ सालको परिवर्तन १७ सालमा ढल्यो ।

अनेक उतारचढाव र प्रपञ्चबीच २०३६, २०४१ का प्रयासहरूको जगमा २०४६ मा व्यवस्था परिवर्तन भयो । ६ वर्ष नबित्दै माओवादीको हिंसा जन्मियो। यसले एक दशकसम्म देशलाई हिंसाको आगोमा बाल्यो । त्यसपछिका थप १० वर्ष सङ्क्रमण समाधानको नाममा खेर गयो। अहिले संविधान जारी भएर देशमा सङ्घीयता, गणतन्त्र संस्थागत भएको भनिएको छ । यतिखेर यो व्यवस्थाको आलोचना शुरू भइसकेको छ। सिद्धान्ततः कुनै पनि व्यवस्था कमसल हुँदैन । त्यो प्रणाली कसरी सञ्चालन भइराखेको छ ? सञ्चालकहरूको आचरण कस्तो छ ? यसमा व्यवस्थाको प्रभावकारिता निर्भर हुन्छ । गणतन्त्र र सङ्घीय व्यवस्था उत्तम व्यवस्था हो भन्नेमा विवाद छैन, तर यो व्यवस्थाका सञ्चालकहरूको भ्रष्ट आचरणले व्यवस्थाप्रति वितृष्णा मौलाएकोमा किन्तु–परन्तु आवश्यक छैन। राजनीति यति निर्लज्ज भइसक्यो कि, अहिले ठूला–ठूला भ्रष्टाचारमा ठूला नेताको नाम मुछिए, त्यसको छानबीन अवरुद्ध हुन्छ, प्रकरण सामसुम पारिन्छ। जनस्तरमा त्यसको चर्को आलोचना भइराखेको छ । देशको कार्यकारी प्रमुखजस्तो व्यक्तिलाई भ्रष्टाचारमा जोडेर हेरिन्छ/बुझिन्छ। तर, उनीहरू निष्पक्ष छानबीनको नैतिकता त परको कुरा भ्रष्टाचारको पक्षपोषण हुने खालका अभिव्यक्ति दिंदै हिड्छन् भने व्यवस्थाप्रति वितृष्णा नबढेर के श्रद्धा जाग्छ ? आफूलाई व्यवस्थाका ठेकेदार ठान्नेहरू असन्तोषको समाधान आवश्यक देख्दैनन्, उनीहरूको दोषी चश्माले त्यसलाई व्यवस्थाविरुद्धको षड्यन्त्रबाहेक अरू केही देख्दैन ।

तहगत सरकारका कदमैपिच्छे नीतिगत भ्रष्टाचार छताछुल्ल छ। प्रहरी, प्रशासक, निजी क्षेत्र, कर्मचारी, भ्रष्टाचार नियन्त्रण र अनुसन्धानका निकाय मतियारजस्ता देखिन्छन् । तस्करी मौलाएको छ। वैध व्यापार गर्नेहरू अवैध व्यापार र सरकारी निकायको दोहोरो चेपुवामा छन्। न्यायालय, व्यवस्थापिका र कार्यपालिका सामु निरीहजस्तो देखिन्छ । विधिको शासन टाढिँदै जाँदा लोकतन्त्र नाममात्रको लाग्नु अस्वाभाविक होइन । सत्ता र शक्तिको आडमा मौलाएको अवैध आर्जनको दौडले आर्थिक असमानताको खाडल झन् गहिरो बनाइराखेको छ । चाडपर्वको मुखमा औसत मानिसको आय खुम्चिएको छ, तर महँगीले आकाश छोएको छ। अकुत आर्जन गरेकाहरूलाई सुखसुविधाको कमी नहोला, तर यो प्रवृत्तिको उपचार नभएसम्म औसत मानिसलाई पर्वको गर्जो कसरी टार्ने भन्ने नै चिन्ताको विषय बन्नेछ। आशा गरौं, आजदेखि शुरू भएको यो वर्षको दशैंले पर्व मनाउनसमेत कष्ट हुने अवस्थाको अन्त्य गर्ने सामर्थ्य र नेतृत्वलाई सद्बुद्धि प्रदान गर्नेछ, जसले गर्दा आगामी वर्षको दशैंमा के खाउँला भन्नु नपरोस्। दशैंको शुभकामना !

# माथिल्लो अरुणका लागि एक खर्ब तीस अर्ब सहुलियत ऋण दिन विश्व बैंक सकारात्मक

काठमाडौं, २७ असोज/रासस

माथिल्लो अरुण जलविद्युत् आयोजनाका लागि रु एक खर्ब ३० अर्ब बराबरको सहुलियतपूर्ण ऋण उपलब्ध गराउन विश्व बैंकले सकारात्मक जवाफ दिएको छ ।

विश्व बैंकको वार्षिक बैठकमा भाग लिने सिलसिलामा मोरक्कोका मराकेसमा रहेका अर्थमन्त्रीसँग आज बैंकका पदाधिकारीहरूसँग भएको भेटमा बैंकले रणनीतिक महत्त्वको सो आयोजनाका निम्ति सहुलियतपूर्ण कर्जा दिने सङ्केत गरेको अर्थ मन्त्रालयले जनाएको छ ।

उक्त बैंकबाट सहुलियतपूर्ण ऋण लिने सम्बन्धमा आगामी साता उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलले वाशिंगटनमा प्राविधिक एवं वित्तीय विषयमा केन्द्रित रहेर छलफल गर्ने तयारी गरेको मन्त्रालयले बताएको छ ।

त्यसैगरी, सहुलियतपूर्ण ऋण उपलब्ध गराउने संरचना अन्तर्राष्ट्रिय विकास सहायता (आइडिए)को २१औं बैठक नेपालमा आयोजना गर्न अर्थमन्त्रीले गरेको प्रस्तावप्रति विश्व बैंकले सकारात्मक जवाफ दिएको छ।

विश्व बैंक दक्षिण एशिया क्षेत्रका उपाध्यक्ष मार्टिन रेजर र विकास वित्ततर्फका उपाध्यक्ष आकिहिको निसिओसँग भएको समीक्षा बैठकमा उनीहरूले नेपालको प्रस्तावप्रति सकारात्मक जवाफ दिएका हुन् । गत वर्ष ९.२ प्रतिशतमात्र प्रवाह भएको कर्जाको परिमाण बढाउन मन्त्री महतले जोड दिएका थिए । बैठकमा नयाँ आयोजना निर्माण तथा ठेक्का प्रक्रिया र धेरै क्षेत्रमा छरिएका आयोजनाको एकीकरणबारे पनि उनीहरूबीच छलफल भएको अर्थ मन्त्रालयले जनाएको छ ।

यसैगरी, तीन सय मिलियन अमेरिकी डलर अर्थात् रु ३९ अर्ब बराबरको बजेटरी सहायता चालू आर्थिक वर्षभित्र परिचालन गर्ने गरी तयारी गर्न दुवै पक्षबीच सहमति भएको छ । सहमति




तस्वीरः रासस

अनुसार सार्वजनिक वित्त, वित्तीय क्षेत्र समावेशी विकासका साथै नीतिगत सुधारका काम कार्यान्वयन गरिने छ ।

यसैगरी, भौतिक पूर्वाधारका क्षेत्रमा अर्थमन्त्रीले कार्यक्रमगत सहायताको नयाँ ढाँचामा सहायता परिचालन गर्न अनुरोध गरेका छन्। उक्त ढाँचा अन्तर्गत ससाना आयोजना कार्यान्वयनका लागि नेपालको आफ्नै सामाजिक तथा वातावरणीय जोखिम न्यूनीकरणका मापदण्डलाई आधार मानेर लगानी सुनिश्चित गरिने छ। बैठकमा अर्थसचिव कृष्णहरि पुष्कर र अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका प्रमुख श्रीकृष्ण नेपाललगायत उपस्थित थिए ।

# औषधिमात्र होइन, वनस्पतिले प्रदूषण पनि हटाउँछ

प्रकृतिमा बोट–बिरुवाका अनेक प्रजाति छन्। यी प्रजातिहरूमध्ये कतिपय प्रजाति मानिसका लागि लाभकारी एवं उपयोगी छन् । दुनियाँमा मानिसले बिरुवाहरूको तीन हजार प्रजाति खाद्य पदार्थको रूपमा प्रयोग गर्दछ, जसमध्ये जावा घाँस, सेट्रोनिला आदि सामेल छन्।

सम्पूण विश्वमा उपयोग गरिने ८० प्रतिशत औषधि बोट–बिरुवाबाट प्राप्त गरिन्छ अर्थात् बोट–बिरुवाहरू औषधि–उपचारको मूल खजाना र स्रोत हुन् र हामीले चाह्यौं भने यस खजानालाई अझ बढी समृद्ध बनाउन सक्छौं। अहिले कुल पादप (वनस्पति) प्रजातिहरूमध्ये मात्र दुई प्रतिशतको औषधीय क्षमताको परीक्षण गर्न सकिएको छ ।

**यी बोट–बिरुवाहरूबाट हामीलाई कैयौंथरीका फल प्राप्त हुन्छ, जुन हाम्रो शरीरको पोषणका लागि आवश्यक हुन्छ । यसबाहेक प्रकृतिमा विद्यमान अनेक जीव–जन्तुहरूको आहार र निवासको माध्यम पनि यिनै बोट–बिरुवा हुन् ।**

९० प्रतिशत खाद्य पदार्थ २० मात्र प्रजातिका बोट–बिरुवाबाट तयार हुन्छ ।

बोट–बिरुवा कैयौं प्रकारका हुन्छन्, तीमध्ये उपयोगी बोट–बिरुवाहरूले मात्र हामीलाई लाभ दिन्छन् । नीम, इमली, पीपल, पाकड, जामुन, आँप, बर र बेलजस्ता छाया दिने बोटहरू पर्यावरण सुधार्न निकै सक्षम हुन्छन्। यिनको व्यापक घेराले बढी मात्रामा कार्बन–डाइआक्साइड सोसेर त्यसलाई आक्सिजनमा परिणत गरिदिन्छ ।

गहिरोसम्म पुग्ने यिनका जराहरूले वर्षाको पानी सोसेर धरतीको गर्भसम्म पुऱ्याई भूगर्भ जलस्तर मात्र बढाउँदैनन्, अपितु यिनले भूक्षय पनि हुन दिंदैनन् । यी बोट–बिरुवाका फल तथा पात भुइँमा खसेर त्यसको उर्वरा शक्ति पनि बढाउँछन्। कीरा तथा जनावरहरूले यिनका फल खाएर पारिस्थितिकीतन्त्रलाई अझ बढी सुदृढ पार्दछन् ।

वनस्पतिविज्ञहरूका अनुसार–सडक, राजमार्गको छेउमा छायादार र आक्सिजन उत्सर्जन गर्ने बोट–बिरुवा, जस्तै–पीपल, बर, नीम, जामुन, कटहर, अर्जुनजस्ता बिरुवा लगाउनुपर्छ। आर्थिक समृद्धि एवं उपयोगका लागि आँप, अम्बा, केरा, अमला तथा काठका लागि पोपलर लगाउनु पर्यावरणसङ्गत हुन्छ। औषधिका रूपमा पनि कैयौं रूख–बिरुवाको पहिचान भएको छ र यिनका उपयोगी भाग, जस्तै–जरा, डाँठ, पत्ता, बोक्रा, फल र फूलको उपयोग गरिन्छ ।

औषधीय गुण भएका दुई हजारभन्दा बढी देशी प्रजातिको पहिचान भएको छ, जसका साथै बास्ना आउने गुण भएका १३०० प्रजातिहरूको पनि खास पहिचान गरिएको छ। चिकित्सा क्षेत्रमा आयुर्वेद, युनानी र सिद्ध चिकित्साजस्ता स्थानीय पद्धतिमा यिनको विशेष माग हुन्छ । वनस्पतिविज्ञहरूका अनुसार केही बिरुवा यस्ता हुन्छन्, जो भूमिको उर्वराशक्ति बढाउन तथा भूमिको प्रकृति सुधार्न विशेष सहायक हुन्छन् ।

भारतको वैज्ञानिक तथा औद्योगिक अनुसन्धान परिषद्ले रिभाइटलाइजेशन आफ मार्जिनल वेस्टल्यान्ड परियोजना अन्तर्गत गेग्रान, क्षारीय, नुनिलो तथा भारी धातुहरूको उपस्थितिले बाँझो भएको जमीन सुधारका लागि केही औषधीय र सुगन्धित बिरुवाहरूको पहिचान गरेको छ । यसमा कागती–घाँस, भेटीवर, कैमोमिल, कालमेघ, खस, जावा घाँस, सेट्रोनिला आदि सामेल छन्।

यदि सबै प्रकारका पादप प्रजातिहरूको औषधीय क्षमताको परीक्षण गर्न सकिएको भए औषधि जगत्मा एक प्रकारको क्रान्ति नै आइसकेको हुन्थ्यो, तर सबै बिरुवाको परीक्षण असम्भव छ, किनकि प्रकृतिको कोखमा नित्य नवीन औषधि उत्पन्न हुन्छ। यी सबै प्रकारका औषधिहरूको पहिचान र तिनको परीक्षण सम्भव छैन, तर पनि मानिस यस दिशामा लागिरहेको छ ।

आज वातावरणमा जुन प्रदूषण फैलिएको छ, त्यसलाई अवशोषित गर्ने बोट–बिरुवा पनि प्रकृतिमा विद्यमान छन्। यदि यिनको पहिचान गरेर ठूलो सङ्ख्यामा वृक्षारोपण गर्ने हो भने हामी आफ्नो पर्यावरणलाई पुनः प्रदूषणमुक्त बनाउन सक्छौं । वातावरणलाई प्रदूषणमुक्त र स्वच्छ पार्ने मुख्य बोट–बिरुवा हुन्–अमलतास, नीम, सिसो, बाँस, पीपल, मौलश्री, आँप, जामुन, अर्जुन, सागवान र इमली आदि ।

केही यस्ता पनि बोट–बिरुवा छन्, जुन फोहर–कसिङ्गर–कचरबाट बिग्रेको भूमिलाई पनि उर्वर र उपयोगी बनाउन सक्षम छन् । यिनमा प्रमुख छन्–अर्जुन, गोल्डमोहर, सिरस, बबूल, अमलतास, कमम आदि ।

आज हाम्रो वातावरणमा ध्वनि प्रदूषण पनि निकै बढेको छ। यो प्रदूषण ती ठाउँमा बढी हुन्छ–जहाँ पसल, मुख्य सडक, राजमार्ग आदि हुन्छन्। प्रकृतिमा ध्वनिलाई अवशोषित गर्ने बोट–बिरुवाहरू पनि छन्, जस्तै–अशोक, नीम, कचनार (कोइरालो), बर, पीपल, सिमल आदि। यसबाहेक केही रूख–बिरुवा यस्ता छन्, जो ग्याँसजन्य प्रदूषण मुक्त गर्न सक्षम छन् । यीमध्ये मुख्य बोट–बिरुवा हुन्–बेल, सिरस, नीम, बोगनबेलिया, पीपल, सिसो, इमली आदि ।

यस प्रकार प्रकृतिको हरियाली बढाउने यी रूख–बिरुवा हाम्रा लागि जीवनदायक तत्त्वहरू अभिवृद्धि गर्ने माध्यम हुन् । यिनको माध्यमले प्रकृति पोषित र समृद्ध मात्र हुँदैन, अपितु प्रकृतिको प्रदूषण पनि कम हुन्छ । प्रकृतिको सन्तुलनका लागि पनि यी बोट–बिरुवाको भूमिका अहम् हुन्छ। यी बोट–बिरुवाहरूले बढिरहेको तापक्रम सन्तुलनमा राख्न हाम्रो मदत मात्र गर्दैनन्, अपितु भूक्षय रोक्नुका साथै वातावरणमा व्याप्त हानिकारक ग्याँसको पनि अवशोषण गर्दछन् । भूमिको जलस्तर बढाउन मदत गर्दछन् र वातावरणमा ताजा र सुगन्धित हावा फैलाउन पनि सहयोगी हुन्छन् । वर्षा गराउन पनि यी बोट–बिरुवाहरूले अहम् भूमिका निर्वाह गर्दछन् ।

यिनले हामीलाई फसलको रूपमा अन्न र तरकारी उपलब्ध गराउँछन्, जुन हाम्रो आहार हो । यी बोट–बिरुवाहरूबाट हामीलाई कैयौंथरीका फल प्राप्त हुन्छ, जुन हाम्रो शरीरको पोषणका लागि आवश्यक हुन्छ। यसबाहेक प्रकृतिमा विद्यमान अनेक जीव–जन्तुहरूको आहार र निवासको माध्यम पनि यिनै बोट–बिरुवा हुन् ।

यस प्रकार बोट–बिरुवा प्रकृतिको पञ्चतत्त्वलाई सन्तुलित, सुव्यवस्थित एवं परिशुद्ध गर्ने एउटा माध्यम हो। यिनको माध्यमले प्रकृति अनि पर्यावरण जीवित एवं स्वस्थ रहन्छ । प्रकृतिका विभिन्न तत्त्वहरू एवं जीवहरूबीच सन्तुलन हुन्छ, त्यसैले हामी यी बोट–बिरुवाका महत्त्वलाई बुझ्दै, यिनको रोपण, स्याहार–सम्भार गरेर यिनको उपयुक्त पोषणमा ध्यान दिनुपर्छ । अनि मात्र यिनले पनि हाम्रो पोषण गर्नेछन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## प्यालेस्टिनीहरूले गाजा छाड्न थाले– इजराइली सेना

तेल अविव, इजराइल, २७ असोज/एएनआई

इजराइल–हमास द्वन्द्वको पछिल्लो नयाँ अपडेटमा इजराइली प्रतिरक्षा फौज (आइडिएफ) का प्रवक्ता लेफ्टिनेन्ट कर्णेल जोनाथन कनरिकसले गाजापट्टीका जनताले इजराइली सेनाको चेतावनी सुनिरहेको र सही काम गरिरहेको बताएका छन् । उनका अनुसार प्यालेस्टिनी नागरिक उल्लेखनीयरूपमा दक्षिणतिर जान थालेका छन् ।


तस्वीरः एएनआई

“हामीले प्यालेस्टिनी नागरिक उल्लेख्यरूपमा दक्षिणतिर जान शुरू गरेको देखेका छौं, हाम्रो चेतावनीलाई सर्वसाधारणले सुनिरहेको देखेका छौं, उनीहरूले चलाखीपूर्वक काम गरिरहेका छन्, खतरनाक क्षेत्रबाट बाहिर निस्किरहेका छन् र परिवारका लागि यो सही हो भन्ने बुझ्केका छन्”–उनले भने ।

शुक्रवार इजराइली सेनाले गाजा शहरबाट बाहिर निस्कन सर्वसाधारणलाई आह्वान गरेको थियो । आइडिएफले युद्धमा सर्वसाधारण प्रभावित नहोऊन् भन्ने चाहना व्यक्त गरेको थियो । आइडिएफले हमास र उसका सैन्य पूर्वाधारहरूमा हमला गर्न गइरहेको बताएको थियो ।

“हामीले हाम्रो मनसाय पहिले नै बतायौं किनकि यसमा कुनै सैन्य तर्क थिएन, तर यद्धबाट सर्वसाधारण प्रभावित हुनु नपरोस् भन्ने हामी चाहन्छौं”–उनले भने–“हामीले युद्धमा सर्वसाधारणलाई त्यहाँ समावेश गरेका छैनौं र तिनीहरू हाम्रा शत्रु होइनन्, हामी कुनै पनि सर्वसाधारणलाई मार्ने वा घाइते बनाउने प्रयास गरिरहेका छैनौं, हामी हमास र उसका सैन्य पूर्वाधारहरूसँग लडिरहेका छौं, जहाँ हामीले गाजापट्टी र गाजापट्टीका उत्तरी भागलाई लक्षित गरेका थियौं ।”

लेफ्टिनेन्ट कर्णेल कनरिकसले उत्तरी गाजाबाट प्यालेस्टिनीहरूलाई बाहिर जानबाट रोक्न हमासले प्रयास गरिरहेको बताए । “अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार सन्देश र चेकपोइन्टका माध्यमबाट हमासले प्यालेस्टिनी नागरिकलाई उक्त क्षेत्र खाली गर्नबाट रोक्ने प्रयास गरिरहेको छ, मलाई लाग्छ यो शङ्कास्पद छ ।”

आफ्नै सुरक्षाका लागि प्यालेस्टिनी चाँडोभन्दा चाँडो उक्त क्षेत्र खाली गर्ने उनले आशा व्यक्त गरे । रासस

## पाकिस्तानमा बन्दूकधारीद्वारा छजना निर्माण मजदूरको हत्या

क्वेटा, पाकिस्तान, २७ असोज/एपी

पाकिस्तानको अशान्त दक्षिण पश्चिम प्रान्त बलुचिस्तानमा बन्दूकधारीहरूले छजना निर्माण मजदूरको हत्या गरेका छन् । बन्दूकधारीहरूले रातको समयमा मजदूरहरूको गोली हानी हत्या गरेको पाकिस्तानी प्रहरीले शनिवार बताएको छ ।

उक्त प्रान्तको राजधानी क्वेटाबाट करीब ३७७ माइल दक्षिण पश्चिममा पर्ने तुर्बात शहरमा बन्दूकधारीले आठजना निर्माण मजदूरमाथि गोली चलाएको प्रहरी अधिकारी हिदायातुल्लाह दास्तीले जानकारी दिए । उनका अनुसार घाइते दुईजनालाई अस्पताल पुऱ्याइएको छ ।

अधिकारीका अनुसार मजदूरहरू शहरको निजी निवास निर्माण परियोजनामा संलग्न थिए । आक्रमणको तत्काल कुनै समूहले पनि जिम्मा नलिएको उनले बताए ।

करीब दुई दशकदेखि केन्द्र सरकारबाट बलुचिस्तान लिबरेशन आर्मी र अन्य पृथकतावादी समूहले स्वतन्त्रता माग गरेसँगै बलुचिस्तान निम्नस्तरीय विद्रोह स्थल भएको छ ।

बलुचहरूले प्राय पञ्जाबका मानिसलाई निशाना बनाउँछन् । यस अघि पञ्जाबी र सिन्धी मजदूरहरू निशानामा पर्थे । रासस

## युक्रेनद्वारा रूसी जहाजमा आक्रमण

किभ, २७ असोज/सिन्ह्वा

युक्रेनले प्रयोगात्मक समुद्री ड्रोनको सहायताले रूसी पानीजहाजमाथि आक्रमण गरेको छ । युक्रेनले प्रयोगात्मक समुद्री ड्रोनले कृष्ण सागरमा दुईवटा रूसी जहाजमा आक्रमण गरेको युक्रेनको सरकारी समाचार एजेन्सीले शुक्रवार जनाएको छ ।

सेभास्टोपोल शहर नजीकै शुक्रवार ‘सी बेबी’ नाम दिइएको ड्रोनले रूसको बुयान मिसाइल जहाजमा प्रहार गरेको रिपोर्टमा उल्लेख गरेको छ । यसैगरी डेर्जाभिन गस्ती जहाजमा बुधवार प्रहार भएको जनाएको छ ।

युक्रेनी नौसेनाका प्रवक्ता दिमित्रो प्लेटेन्चुकले पाभेल डर्जाभिन जहाजमा शुक्रवार दोस्रोपटक आक्रमण गरेको बताएका छन् । रासस

## भारत र श्रीलङ्काबीच ४० वर्षपछि डुङ्गा सेवा पुनः सञ्चालन

नयाँ दिल्ली, २७ असोज/सिन्ह्वा

भारत र श्रीलङ्काले ४० वर्षपछि शनिवारदेखि डुङ्गा सेवा सञ्चालन गरेका छन् ।

भारतको तमिलनाडु राज्यको पूर्वी तटमा रहेको नागापट्टिनम र श्रीलङ्काको उत्तरी प्रान्तको जाफ्ना नजीकै कान्केसानथुराईबीच यो सेवा शुरू भएको हो । भारतका बन्दरगाह, पानीजहाज तथा जलमार्गमन्त्री सर्वानन्द सोनोवालले नागापट्टिनम बन्दरगाहमा सेवा सञ्चालन खुला भएको सङ्केतस्वरूप हरियो झन्डा देखाएर डुङ्गामा आएका यात्रीलाई स्वागत गरेका थिए ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भर्चुअल माध्यमबाट उद्घाटन समारोहलाई सम्बोधन गर्दै श्रीलङ्काका राष्ट्रपति, सरकार र त्यहाँको जनतालाई नौका सेवाको सफल शुभारम्भका लागि धन्यवाद दिएका थिए । उनले भारतको रामेश्वरम र श्रीलङ्काको तलैमन्नारबीच नौका सेवा पुनः सञ्चालन गर्ने दिशामा काम गर्नेबारे पनि चर्चा गरे ।

सिपिङ कर्पोरेशन अफ इन्डियाले सञ्चालन गरेको उच्च गतिको डुङ्गाको क्षमता १५० यात्रु रहेको छ ।

नागपट्टिनम र कान्केसानथुराईबीच करीब ६० नटिकल माइल (११० किलोमिटर) को दूरी समुद्रको अवस्था अनुसार करीब ३.५ घण्टामा पूरा हुने अधिकारीहरूले बताएका छन् ।

पचास यात्रु लिएर श्रीलङ्काका लागि छुटेको ‘चेरियापानी’ जहाज साँझपख श्रीलङ्काबाट यात्रु लिएर भारत फर्कने छ । रासस

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | शत्रुभय | वृष | कार्यनाश |
| मिथुन | भयचिन्ता | कर्कट | मित्रमिलन |
| सिंह | कान्तिक्षय | कन्या | सुयश |
| तुला | खर्चवृद्धि | वृश्चिक | धनलाभ |
| धनु | खर्चवृद्धि | मकर | धनलाभ |
| कुम्भ | सफलता | मीन | अस्वस्थता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


लायन्स क्लब अफ कुटुम्ब र अल लायन्सले शनिवार गहवामाई मन्दिरमा प्रसाद वितरण गरेको छ । कार्यक्रममा कुटुम्बको अध्यक्ष सज्जिता, रवि र अशोक बेरीवाललगायतको सहभागिता थियो । तस्वीरः प्रतीक

## ‘करप्सन रि□लेक्सन नेपाल २०२३’ सार्वजनिक

काठमाडौं, २७ असोज/रासस

नेपालमा भ्रष्टाचार बढ्नुमा अदूरदर्शिता, अव्यवस्थित र कमजोर राजनीतिक दल, नेता र कर्मचारीतन्त्र प्रमुख कारक रहेको एक अध्ययनले देखाएको छ ।



तस्वीरः सौजन्य

आज अल्टरनेटिभ फाउन्डेशनले यहाँ सार्वजनिक गरेको ‘करप्सन रिफ्लेक्सन नेपाल, २०२३’ प्रतिवेदनमा परम्परागत राजनीतिक कार्यशैली, नातावाद र परिवारवाद, लोभ र छिट्टै धनी बन्ने आकाङ्क्षालाई भ्रष्टाचारको कारण उल्लेख गरेको छ । प्रतिवेदनमा नीतिगत कमजोरी, कर्मचारीतन्त्रको ढिलासुस्ती, अख्तियारवालाको गैरजिम्मेवारीपन, ढिलो न्याय, अनुचित राजनीतिक नियुक्ति, कमजोर विधिको शासन, सांस्कृतिक प्रभाव र नागरिक जागरूकताको कमीलाई पनि भ्रष्टाचारका स्रोतका रूपमा उल्लेख गरिएको छ ।

फाउन्डेशनले अध्ययनलाई ‘राजनीति र भ्रष्टाचार’ र ‘सरकार र भ्रष्टाचार’ गरी दुई भागमा विभाजन गरेको छ । एक हजारजनामा गरिएको उक्त अध्ययनमा बहुसङ्ख्यक उत्तरदाताले राजनीतिक दलले चुनावी घोषणापत्र कार्यान्वयन नगरेको बताएको पाइएको छ ।

अध्ययन प्रतिवेदनमा ७१.२ प्रतिशत उत्तरदाताले राजनीतिक दलले चुनावी घोषणापत्र लागू नगरेको तथा ७१ प्रतिशतले राजनीतिक नेताको व्यवहार र कार्यशैली उपयुक्त नभएको उल्लेख छ । साथै ७१.७ प्रतिशतले राजनीतिक नेता भ्रष्टाचारमा मुछिएका, ६३.७ प्रतिशतले राजनीतिक पार्टीसमेत भ्रष्टाचारमा मुछिएको, ७०.८ प्रतिशतले राजनीतिक दल र नेताले समाजमा अपराधको संरक्षण गरेको र ८९.१ प्रतिशतले राजनीतिक दलमा रूपान्तरण अपरिहार्य रहेको धारणा व्यक्त गरेका छन् ।

भ्रष्टाचारसम्बन्धी अनुभवजन्य नागरिक धारणा सर्वेक्षण, विगतका अध्ययन प्रतिवेदन र तथ्याङ्कको समीक्षा र विश्लेषण तथा सरोकारवालासँग भएको छलफल र अन्तर्क्रियालाई अध्ययन विधिका रूपमा अवलम्बन गरिएको छ । अध्ययन प्रतिवेदनको नतीजाले तीनै तहका सरकार र नागरिकलाई भ्रष्टाचारविरुद्ध गम्भीर बनाउन सहयोग पुग्ने फाउन्डेशनको दाबी छ ।

प्रतिवेदनले भ्रष्टाचारले मुलुक आक्रान्त भइरहेको अहिलेको समयमा राजनीतिक पार्टीको अग्रगामी रूपान्तरण, लोकतान्त्रिक गणतन्त्रको थप सबलीकरण र सूचना–प्रविधिको अनिवार्य प्रयोगमार्फत सुशासन मजबुत गर्न सके मुलुक विकास तथा राजनीति र राज्यप्रति नागरिक विश्वासमा बढोत्तरी हुने निष्कर्ष निकालेको छ ।

अध्ययनका संयोजक डा जनकराज साहले नेपालमा भ्रष्टाचारको प्रतिविम्ब कस्तो छ भन्ने सन्दर्भमा जनता, सरोकारवालाको आवाजलाई सरकार समक्ष पुऱ्याउन प्रतिवेदनले सहयोग पुग्ने बताए । फाउन्डेशनका अध्यक्ष प्रकाश विकल्पले खोज अनुसन्धानकै लागि फाउन्डेशन स्थापित भए पनि मुलुकको आवश्यकता अनुसार भ्रष्टाचारसम्बन्धी तथ्याङ्क र धारणा प्रकाश पारेको बताए ।

## मनाङ एयर निलम्बनमा

काठमाडौं, २७ असोज/रासस

पछिल्लो तीन महीनामा मनाङ एयरका दुईवटा हेलिकप्टर दुर्घटना भएपछि नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले उक्त कम्पनीको एओसी (एयर अपरेटर सर्टिफिकेट) निलम्बन गरेको छ ।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार मनाङ एयरले उडान सुरक्षामा ध्यान नदिएकोले तीन महीनाका लागि उसको एओसी निलम्बन गरिएको हो । तीन महीनाको अवधिमा दुईवटा हेलिकप्टर दुर्घटना भएपछि उक्त कम्पनीको एओसी निलम्बन गरिएको हो ।

“मनाङ एयरको सेवा सञ्चालन प्रमाणपत्र निलम्बन भइसक्यो, तीन महीनामा दुईवटा हेलिकप्टर दुर्घटना भएको छ अब उक्त कम्पनीसँग हेलिकप्टर पनि छैन”–प्रवक्ता भुलले भने–“प्राधिकरणले मनाङ एयरको वस्तुस्थितिको समीक्षा गरेपछि कम्पनी खारेज गर्ने वा निलम्बन फुकुवा गर्ने भन्ने निर्णय हुनेछ ।”

प्राधिकरणका अनुसार निलम्बनमा परेको मनाङ एयरले तत्काल हेलिकप्टर ल्याए पनि उडाउन अनुमति पाउने छैन ।


तस्वीरः सौजन्य

दुर्घटनाको विस्तृत अध्ययनका लागि प्राधिकरणको प्राविधिक टोली भोलि आइतवार हेलिकप्टर दुर्घटना भएको क्षेत्रमा जानेछ ।

सोलुखुम्बुको लुक्लाबाट लोबुचे उडेको मनाङ एयरको ‘एन–एनजे’कलसाइन हेलिकप्टर आज बिहान जिल्लाको खुम्बुपासाङल्हामु गाउँपालिका–४ लोबुचेमा दुर्घटना भएको थियो । दुर्घटनामा घाइते भएका पाइलट प्रकाशकुमार सेढाईको उद्धार गरी अहिले ह्याम्स अस्पताल, काठमाडौंमा उपचार भइरहेको छ ।

प्राधिकरणको हवाई सुरक्षा प्रतिवेदन ‘एभिएसन सेफ्टी रिपोर्ट–२०२३’ अनुसार हालसम्म नेपालमा विभिन्न कम्पनीका ३९ वटा हेलिकप्टर दुर्घटना भएका छन् । ती दुर्घटनामा ९० जनाको मृत्यु भएको छ ।

**तीन महिनामा दुई हेलिकोप्टर दुर्घटना**

पछिल्ला तीन महीनामा मनाङ एयरका दुईवटा हेलिकप्टर दुर्घटनाग्रस्त भएका छन् । दुवै दुर्घटना सोलुखुम्बुमा भएका हुन् । गत असार २६ गते मनाङ एयरको हेलिकप्टर दुर्घटना हुँदा चालक दलका एक सदस्यसहित छजनाको मृत्यु भएको थियो ।

## पितृपक्ष समाप्त

काठमाडौं, १३ असोज/रासस

यही असोज १३ गतेदेखि आरम्भ भएको पितृपक्ष आजबाट समाप्त भएको छ । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराईका अनुसार आश्विन कृष्ण प्रतिपदादेखि शुक्ल प्रतिपदासम्मका सोह्रवटा तिथिमा दिवङ्गत पितृलाई तर्पण, पिण्ड र सिदादान गरिने भएकाले यसबीचको समयलाई सोह्रश्राद्ध अर्थात् पितृपक्ष भनिएको हो ।

चाडपर्व, यज्ञ तथा ठूला काम गर्नुअघि पितृलाई श्रद्धाभक्तिका साथ सम्झने वैदिक सनातन हिन्दू परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो । सोह्रश्राद्धमा पितृले आफ्ना सन्तानबाट तर्पण, पिण्डको आश गरिरहेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ । यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको दायित्व पूरा हुनाका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ । सोह्रश्राद्ध अपराह्न कालमा गर्नुपर्छ भन्ने शास्त्रीय वचन छ । जाताशौच, मृताशौच र पत्नी रजस्वला भएका अवस्थामा बाहेक सोह्रश्राद्ध छाड्न नहुने धार्मिक मान्यता छ ।

कारणवश सोह्रश्राद्ध रोकिंदा शास्त्रमा अनेक विकल्प दिइएका छन् । सोह्रश्राद्धकर्ताले आफ्ना पिताको तिथिमा गर्नुपर्ने विधान छ । आपत् धर्मअनुसार कुनै कारणवश अड्किएमा आश्विन कृष्ण औंसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने जानकारहरूको भनाइ छ । यो समयमा पनि कारणवश सोह्रश्राद्ध गर्न नसकिएमा कार्तिक कृष्ण औंसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ । कात्तिक

(बाँकी अन्तिम पातामा)

# प्रहरी दिवसमा मन्दिरको सरसफाइ

प्रस, वीरगंज, २७ असोज/

६८ औं प्रहरी दिवसको अवसरमा शनिवार वीरगंज महानगरपालिका–११ दुर्गाटोल र दुर्गा मन्दिर क्षेत्रमा सरफाइ गरिएको छ।

सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक प्रहरी सेवा केन्द्र मुर्लीको आयोजना र वडा प्रहरी कार्यालय, श्रीपुरको सहयोग तथा नवरात्रि महोत्सव दुर्गा पूजा सेवा समितिको सहकार्यमा सरसफाइ कार्यक्रम गरिएको बताइएको छ। वडादशैंलाई मध्यनजर गरी सरसफाइ कार्यक्रम गरिएको सामुदायिक सेवा केन्द्र मुर्लीका सचिव कुलनारायण प्रधानले बताए।


तस्वीरः प्रतीक

केन्द्रका अध्यक्ष राम सर्राफको अध्यक्षतामा भएको कार्यक्रममा सामुदायिक सेवा केन्द्रका पदाधिकारीहरू, समाजसेवी, बुद्धिजीवी, प्रहरी, कर्मचारीलगायत सहभागी थिए।

# ट्रक राजस्व अनुसन्धान चलान

प्रस, वीरगंज, २७ असोज/

बिल–बिजकभन्दा बढी औषधि तथा खुद्रा सामन बोकेको ट्रक पर्सा प्रहरीले हिजो राति ११ बजे गण्डकबाट नियन्त्रणमा लिएको छ।


तस्वीर सौजन्यः जिप्रका, पर्सा

वीरगंजबाट कैलालीतर्फ जाँदै गरेको सूचनाको आधारमा वीरगंज महानगरपालिका–१४ गण्डकबाट ना.४ ख ५०१ नम्बरको मालवाहक ट्रक नियन्त्रणमा लिएको पर्सा प्रहरीका प्रवक्ता कुमार विक्रम थापाले बताए।

उनले चेकजाँच गर्ने क्रममा बिल–बिजकभन्दा बढी मालवस्तु लोड रहेको तथा प्रस्तुत बिल–बिजक शङ्कास्पद देखिएकोले आवश्यक अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरिएको बताए।

# खेलकूदको संसार

## पर्सागढीमा प्रथम वडादशैं फूटबल शुरू

### उद्घाटन खेलमा सोलखपुर विजयी

प्रस, पर्सागढी, २७ असोज/

पर्सागढी नगरपालिकामा शनिवारदेखि युवा स्पोर्ट्स क्लब बढनिहारको आयोजनामा स्व. सञ्जय पाठकको स्मृतिमा प्रथम वडादशैं फूटबल प्रतियोगिता शुरू भएको छ।

पर्सागढी नपा–४ मा आयोजित प्रतियोगिताको अन्तर्राष्ट्रिय फूटबलका खेलाडी ऋतु शाक्यले उद्घाटन गरेका थिए।


तस्वीरः प्रतीक

उनले खेल मानिसको शरीरका लागि अत्यावश्यक कुरा भएको बताए। उनले खेलका लागि सबैले समय प्रदान गर्नुपर्ने सुझाए।

क्लबका अध्यक्ष राम थापाको अध्यक्षतामा भएको उद्घाटन समारोहमा वडाध्यक्ष सुकमान तामाङ, रामचन्द्र थारू, चन्द्रबहादुर गुरुङलगायतले सफलताको शुभकामना व्यक्त गरेका थिए।

कार्यक्रमको सहजीकरण दिलीप दास थारू र स्वागत बलराम आचार्यले गरेका थिए।

उद्घाटन खेलमा न्यु महावीर क्लब सोलखपुर विजयी भएको छ। वनशक्ति युवा क्लब सिदपुरलाई शून्यका विरुद्ध दुई गोलले सोलखपुर विजयी भएको हो।

# सहकारी आम मानिसको समस्यामा इमानदार साथी बनेर आउनुपर्ने : वक्ताहरू

प्रस, निजगढ २७ असोज/

हिमचुली साना किसान कृषि सहकारी संस्था लिमिटेड निजगढको १३ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ। कार्यक्रमको उद्घाटन गर्दै निजगढ नगरप्रमुख सुरथ पुरीले सहकारी संस्थाको मर्म जनतालाई बुझाउन नसकेको वा जनताले बुझ्न नसकेको महसूस भएको बताउँदै त्यसका लागि निजगढ नगरपालिकाले जानकार तथा विज्ञहरूको सहयोगमा शिक्षामूलक कार्यक्रम राख्ने योजना रहेको बताए।

'घर–घरमा भकारी, आर्थिक दुःखमा सहकारी' भन्ने सन्देशमूलक नाराहरूबाट जनताहरूलाई बुझाउनुपर्ने उनले बताए। कहींकतै केही सहकारी सञ्चालकहरूले बेइमानी गरेका घटना आउने गरे पनि वास्तवमा सहकारी अति विपन्न, गरीब, निमुखा, निम्न आय हुनेहरूको आर्थिक अवस्था उकास्दै मुलुकको आर्थिक समृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले यसको स्थापना भएको प्रस्टयाए। कृषि, पशुपालन, व्यापार, व्यवसायमा लगानी गर्दै स्थानीयको आर्थिक अवस्था उकास्न सहकारी संस्थाहरूले भूमिका खेल्नुपर्ने बताउँदै सहकारीले नीति र विधि अनुसार काम गर्न उनले आग्रह गरे।

आम मानिसको समस्यामा सहकारी सच्चा, इमानदार साथी बनेर आउनुपर्ने वक्ताहरूले बताए। कार्यक्रममा जिल्ला समन्वय समिति बाराका उपाध्यक्ष चन्द्रिका उप्रेती, उपप्रमुख सोममाया थिङ, समाजसेवी एकबहादुर श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए।

संस्थाकी अध्यक्ष दुर्गाकुमारी घिमिरेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत सम्झनाकुमारी लामिछाने र सञ्चालन अर्जुनप्रसाद अधिकारीले गरेका थिए। सो कार्यक्रम निजगढ नगर उद्योग वाणिज्य सङ्घको सभाहलमा भएको थियो।


कार्यक्रममा मन्तव्य व्यक्त गर्दै निजगढ नपा प्रमुख सुरथ पुरी। तस्वीरः प्रतीक

# पशु चौपायालाई लम्पी स्किन रोगबाट बचाऔं

**लम्पी स्किन रोगका लक्षणहरूः**

- १०४ डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आउने।
- दानापानी कम खाने र दूध उत्पादन घट्ने।
- छालामा गिर्खा/गाँठाहरू देखिने, केही समयपछि हराउने वा फुट्ने र कीरा औंसा पर्न सक्ने।
- नाक, मुख, कल्चौडा र थुनमा घाउ हुने।
- आँसु, र्‍याल, सिङ्गान आउने चिप्रा कचेरा लाग्ने।
- खुट्टा जोर्नी सुन्निने।
- गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने।

**यस्ता लक्षण देखिएमा,**

- रोगी पशुलाई अलग्गै राखौं।
- रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, सख्खर पानीलगायत झोलिलो पदार्थ र नरम घाँस खुवाऔं।
- ज्वरो आएको पशुलाई आराम गराऔं।
- नजीकको पशुचिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# स्वागत तथा शुभकामना आदानप्रदान

नरेश यादव, पर्सागढी, २७ असोज/

जनता माध्यमिक विद्यालय पकडिया बढनिहारका कक्षा १२ का विद्यार्थीले कक्षा ११ मा भर्ना भएका विद्यार्थीको स्वागत गरेका छन्।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामायण चौधरीको अध्यक्षतामा सम्पन्न स्वागत कार्यक्रममा प्रधानाध्यापक मोहन चौधरी, सहायक प्रअ दिल्लीराम आचार्य, नागेश्वर मुखियालगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा वडा सदस्य रामजीवन खाँ थारू, शर्बत चौधरी, इन्दु माझी, शिक्षक–शिक्षिकालगायत सहभागी थिए। कार्यक्रममा कक्षा १२ मा सर्वोत्कृष्ट अङ्क ल्याएर उत्तीर्ण भएका राजन रामलाई सम्मान गरिएको थियो।

कार्यक्रममा स्वागत मन्तव्य रेणु आचार्य र सहजीकरण शिक्षक अमित चौधरीले गरेका थिए।

यसैगरी नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बर्वाछटैलीमा पनि विद्यार्थीहरूले स्वागत कार्यक्रम तथा दशैं–तिहारको शुभकामना आदानप्रदान गरेका छन्।

# रोट्रयाक्टद्वारा मन्दिरको सफाइ

प्रस, वीरगंज, २७ असोज/

रोट्रयाक्ट क्लब अफ वीरगंज युनाइटेडले कालीमाता मन्दिरमा सरसफाइ गरेको छ।

दशैंलाई लक्षित गर्दै रोट्रयाक्ट क्लब अफ वीरगंज युनाइटेडले वीरगंज आदर्शनगरमा रहेको काली माता मन्दिरमा सरसफाइ गरेको हो।

रोट्रयाक्ट क्लब अफ वीरगंज युनाइटेडका अध्यक्ष पियुष अग्रवालको अध्यक्षतामा सरसफाइ कार्यक्रम भएको थियो।




## पितृपक्ष समाप्त ...

कृष्ण औंसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने धर्मसिन्धु नामक शास्त्रीय ग्रन्थमा उल्लेख छ।

आश्विन शुक्ल पञ्चमीपछिका अष्टमी, द्वादशी र औसी, भरणी नक्षत्र र व्यतीपात योग परेका दिन जुनसुकै तिथि परे पनि रोकिएको सोऱ्हश्राद्ध गर्न सकिने शास्त्रीय विकल्पसमेत निर्णयसिन्धु, धर्मसिन्धुलगायत धर्मशास्त्रका ग्रन्थमा उल्लेख छ। त्यसपछि पनि सोह्रश्राद्ध गर्न नसकिएमा सक्नेले आफै नसक्नेले ब्राह्मणमार्फत दैनिक एक सय आठ मन्त्र जप गर्न सकिने शास्त्रीय विकल्प रहेको उनले सुनाए।

पितृ पक्षको समाप्तिसँगै दुर्गापक्ष अर्थात् बडादशैं शुरू हुन्छ। बडादशैं मनाउनुअघि पितृ तृप्तिका लागि सोऱ्हश्राद्ध गर्ने गरिएको धर्मशास्त्रीय मत छ। ठूला पर्व वा चाड मनाउनुअघि पितृतृप्तिको कर्म गर्ने वैदिक सनातनी परम्परा छ।

# प्रसारण लाइन निर्माणमा सर्लाहीका स्थानीयको अवरोध

काठमाडौं, २७ असोज/रासस

सर्लाहीको लालबन्दी क्षेत्रका स्थानीय बासिन्दाले एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइनको स्तरोन्नति (तार फेर्ने)मा अवरोध गरेका छन्।

करिब ४१ वर्षअघि निर्माण गरिएको प्रसारण लाइनको मार्गाधिकारमा पर्ने जग्गाको मुआब्जा पाउनुपर्ने, उक्त जग्गालाई बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन पाउनुपर्नेलगायत माग राखी यही असोज १९ गतेदेखि स्थानीयवासीले लाइनको तार फेर्न दिएका छैनन्।

नेपाल विद्युत् प्राधिकरणले पूर्व–पश्चिम एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइनको क्षमता वृद्धि गरी विद्युत् प्रवाह बढाउन मकवानपुरको हेटौंडादेखि धनुषाको ढल्केबर सबस्टेसनसम्मको करिब एक सय ३६ किलोमिटर खण्डमा पर्ने कम क्षमताको पुरानो तारलाई बदलेर नयाँ तार राखी प्रसारण प्रणाली सुधार गर्न लागेको हो। यसबाट त्यस क्षेत्रको विद्युत् आपूर्तिमा सुधार हुने, पश्चिम क्षेत्रमा उत्पादित विद्युत्लाई पूर्वतर्फ सहजै प्रवाह गर्न सकिने, ढल्केबरबाट पश्चिमतर्फ विद्युत् प्रवाहका लागि सजिलो हुने र देशभित्र खपत गरी जोगिएको विद्युत्लाई ढल्केबर सबस्टेसनमार्फत भारततर्फ निर्यात गर्न सकिन्छ।

ढल्केबर सबस्टेसनबाट सर्लाहीको लालबन्दी नगरपालिका–१ स्थित नवलपुर सबस्टेसनसम्मको करिब ४० किलोमिटर लाइनमध्ये एउटा सर्किटको करिब ३६ किलोमिटर तार फेरिएको छ। लालबन्दी बजार क्षेत्रका स्थानीयको अवरोधका कारण करिब चार किलोमिटर क्षेत्रमा भने काम ठप्प भएको छ। अवरोधका कारण एउटा सर्किट बन्द हुँदा ढल्केबरबाट पश्चिमतर्फ र हेटौंडाबाट पूर्वतर्फ विद्युत् प्रवाह गर्न समस्या हुँदा यसले देशकै समग्र विद्युत् प्रसारण प्रणाली प्रभावित भएको छ।

तार बदल्न एउटा सर्किट बन्द गरिएकाले अहिले विद्युत् आपूर्तिमा समस्या भएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। "नयाँ प्रसारण लाइन निर्माणमा जताततै अवरोध छ, अब ४०/४१ वर्षअघि बनेर चालू अवस्थामा रहेको लाइनमासमेत तार फेर्न खोज्दा क्षतिपूर्तिको माग गर्दै अवरोध हुन थालेको छ, यस्तो अवस्थामा काम गर्न कठिन भएको छ। यद्यपि, अवरोध हटाउन हाम्रो तर्फबाट सक्दो प्रयास भइरहेको छ तर त्यो सफल भएको छैन", कार्यकारी निर्देशक घिसिङले गुनासो गरे।

तत्काल तार फेर्न नसकिए ढल्केबरबाट थप विद्युत् पश्चिमतर्फ प्रवाह गर्न नसकिने हुँदा आगामी हिउँदमा वीरगंजलगायत क्षेत्रमा बाध्यकारी विद्युत्भार कटौती गर्नुपर्ने अवस्था आउन सक्ने भएकाले त्यस्तो संवेदनशील लाइनको काममा अवरोध नगरिदिन कार्यकारी निर्देशक घिसिङले सम्बद्ध पक्षसाग आग्रह गरेका छन्।

आयोजना प्रमुख राजेन्द्र कोइरालाले अवरोधका विषयमा सर्लाहीका प्रमुख जिल्ला अधिकारी, लालबन्दी नगरपालिका प्रमुख, प्रहरी प्रमुख, सम्बन्धित वडाका वडाध्यक्ष, स्थानीय बासिन्दासँग पटक–पटक छलफल भए पनि समस्या समाधान हुन नसकेको बताए। स्थानीयले आफ्ना माग पूरा नभएसम्म उनीहरूलाई जग्गामा टेक्नै नदिने चेतावनी दिएकाले समस्या बल्झिएको उनले दुःखेसो गरे।


तस्वीरः रासस

एक सय ३२ केभी प्रसारण लाइनको मध्यबिन्दुबाट दायाँबायाँ नौ/नौ मिटर मार्गाधिकार तोकिएको छ। बैङ्क तथा वित्तीय संस्थाले उक्त मापदण्डभन्दा विपरीत ५० मिटरसम्म पर्ने जग्गाको धितो नलिने गरेको स्थानीयले गुनासो गर्दै आएका छन्।